आज मिति २०७५ साल भाद्र २९ गते शुक्रबार अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार राना ज्यूको अध्यक्षतामा नगर कार्यपालिका (बोर्ड) बैठक बसी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती

१. नगरप्रमुख श्री हरिकुमार राना, अध्यक्ष
२. नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य, सदस्य
३. वडाध्यक्ष, वडा नं. १, श्री गजाधर खतिवडा, "
४. वडाध्यक्ष, वडा नं. २ श्री रघुनाथ खनाल, "
५. वडाध्यक्ष, वडा नं. ३, श्री जीवकुमार भण्डारी, "
६. वडाध्यक्ष, वडा नं. ४, श्री दुर्गाप्रसाद दाहाल, "
७. वडाध्यक्ष, वडा नं. ५, श्री श्यामबहादुर भारती, "
८. वडाध्यक्ष, वडा नं. ६, श्री लोकनाथ गौतम, "
९. वडाध्यक्ष, वडा नं. ७, श्री नवराम ढुङ्गाना, "
१०. वडाध्यक्ष, वडा नं. ८, श्री गोपीचन्द्र गौतम, "
११. वडाध्यक्ष, वडा नं. ९, श्री पुष्प कुमार प्रसाई, "
१२. वडाध्यक्ष, वडा नं. १०, श्री बलदेवसिंह गोम्देन, "
१३. वडाध्यक्ष, वडा नं. ११, श्री भैरबबहादुर खड्का, "
१४. न.का.स, श्री डिलमाया दास, "
१५. न.का.स, श्री हरिमाया भण्डारी, "
१६. न.का.स. श्री शकुन्तला बराल, "
१७. न.का.स. श्री लक्ष्मी तामाङ, "
१८. न.का.स. श्री दिलिप गुरुङ, "
१९. न.का.स. श्री खिनमान दास, "
२०. न.का.स. श्री रमेशकुमार दर्जी, "
२१. प्रमुख प्रशासकीय अधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्य सचिव
२२. असिस्टेन्ट सब इन्जिनियर, श्री छविरमण पोखरेल, आमन्त्रित
२३. इन्जिनियर, श्री निरज अधिकारी, आमन्त्रित [illegible]

बैठक संख्या ३२ मिति २०७५/०५/२९

मिति २०७५/०५/२९ मा बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१.यस अर्जुनधारा नगरपालिकाबाट स्थानीय व्यापारीसँगको लागत साझेदारीमा शनिश्चरे बजारमा निर्मित व्यवसायिक भवन प्रयोगका लागि तयारी भएकाले सुरु लिस्टमा नाम भई धरौटी जम्मा गरेका निम्नानुसार व्यापारीहरुलाई कोठा भाडामा लगाउने।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शंकर पान पसल | ७ | लक्ष्मी राई | १३ | रामकिशन पुर्वे | १९ | जानुका सुवेदी | २५ | रामचन्द्र चौधरी |
| २ | मुनेश्वर शाह | ८ | टंक चिया पसल | १४ | सितादेवी पौडेल | २० | अम्बिकादेवी मैनाली | २६ | जोगेन्द्र साहू |
| ३ | सितादेवी दुलाल | ९ | निरबहादुर दर्जी | १५ | गिता राजवंशी | २१ | बेचुराय चिया पसल (रिता राय) | २७ | रत्नबहादुर दर्जी |
| ४ | लता दुलाल | १० | अमितकुमार गुप्ता | १६ | रामप्रसाद भट्टराई | २२ | गिता राजवंशी क | २८ | देवकी यादब |
| ५ | अन्जना डे | ११ | दिपक प्रसाद गुप्ता | १७ | खिनमाया खतिवडा | २३ | आशिष मण्डल | २९ | कृष्णप्रसाद प्रसाई |
| ६ | बेदबहादुर ढकाल | १२ | रुद्रमणि श्रेष्ठ | १८ | दुर्गा कार्की | २४ | शारदा भट्टराई | | |

उपरोक्त व्यापारीहरु मध्ये धरौटी जम्मा गर्न बाँकी व्यापारीलाई निर्धारित धरौटि जम्मा गर्न लगाई भवनको पूर्वदक्षिण कोठाबाट क्रम सुरु भई पूर्व उत्तर कोठामा टुङ्गिने गरी क्रमसंख्या निर्धारण गरी निम्नानुसार भाडादर कायम गरी व्यपारीलाई देहाय बमोजिम व्यवस्थापन गर्ने।

| क्रम संख्या | भाडादर (रु) |
|---|---|
| १ र २६ | ७००० |
| २ देखि १२ | ६००० |
| १३ | ६५०० |
| १४ | ५००० |
| १५ देखि २१ | ४,५०० |
| २२ देखि २५ | ५००० |

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल २०७३

उपरोक्त बमोजिम २६ जना व्यापारीलाई व्यवस्थापन गरी भवनमा निर्मित ३ वटा सिँडीलाई समेत उपभोग गरी उक्त स्थानमा ३ जना व्यापारीलाई व्यवस्थापन गर्ने।यस अनुसार सिँडीमा व्यवस्थापन हुने व्यापारीबाट रु ५०,०००/- (पचास हजार मात्र) धरौटि लिई मासिक रु २,५००/- (दुई हजार पाँच सय मात्र) भाडा असुल गर्ने।

उपरोक्त बमोजिम व्यापारीलाई कोठा भाडा दिँदा देहाय बमोजिम शर्तनामा गराउने।

- व्यापारीले आफ्नो जिम्मामा रहेको कोठामा आफूले मात्र व्यापार गरेको हुनु पर्ने।सटर विक्री गर्न नपाईने र व्यापार छोड्नु परेमा नगरपालिकामा जिम्मा लगाई धरौटि फिर्ता लिनुपर्ने।
-सटर कोठाको वास्तविक आकृति बिग्रिने गरी मर्मत सम्भार तथा अन्य कार्य गर्न नपाउने साथै पसल अगाडि अन्य कुनै संरचना थप गर्न नपाउने।
- प्रत्येक वर्ष १० प्रतिशतका दर भाडादर बढाउँदै लैजाने।

उक्त व्यवसायिक भवनका कोठा भाडामा लगाउँदा कोठा र व्यापारी चयन गर्न तथा अन्य आवश्यक समन्वयका लागि निम्नानुसार एक समिति गठन गर्ने।

वडाध्यक्ष ,वडा नं. ८ श्री गोपिचन्द्र गौतम

वडाध्यक्ष,वडा नं. ७ श्री नवराम ढुङ्गाना

नगर कार्यपालिका सदस्य श्री दिलिप गुरुङ्ग

असिस्टेण्ट सव ईञ्जिनियर श्री छविरमण पोखरेल

२.अर्जुनधारा ८ स्थित काफल इन्भेस्टमेन्ट प्रा लिबाट उक्त कम्पनिको स्वामित्वमा रहेको अर्जुनधारा ८ स्थित जग्गा यस नगरपालिकाका लागि नि:शुल्क जग्गा प्रदान गर्ने आशय व्यक्त भएको हुँदा उक्त कम्पनिबाट नि:शुल्क प्राप्त हुने जग्गा प्राप्तिका लागि प्रक्रिया अघि बढाउने ।र उक्त स्थानमा साग सब्जी,माछामासु तथा होटल व्यवसायलाई आवश्यकता अनुसार स्थानान्तरण गर्ने ।

३.चालु आर्थिक वर्षका लागि सडक बोर्ड नेपालबाट विनियोजित रकमबाट अर्जुनधारा १ स्थित मदनपुरबाट हलुवागढ झिल हुँदै रोङ गाउँपालिका जोड्ने सडक मर्मत तथा स्तरोन्नति गर्ने ।

४.अर्जुनधारा नगरपालिका वडा नं. ३ स्थित च्यारिटि युथ क्लबले खुदुनाबारी गोल्डकप सञ्चालनका लागि आर्थिक सहयोग माग भई आएकामा उक्त गोल्डकप सञ्चालानार्थ रु १,५०,०००/- (एक लाख पचास हजार मात्र) खेलकुद कार्यक्रमबाट सहयोग गर्ने ।साथै,कनकाई नगरपालिकामा आयोजना हुने कनकाई गोल्डकपमा यस नगरपालिकाको तर्फबाट सहभागिता जनाउन रु ८७,५००/- (सतासी हजार पाँच सय मात्र) उपलब्ध गराउने ।

५.शनिश्चरे बजार स्थित सार्वजनिक शौचालय जिर्ण भएकाले उक्त स्थानमा शौचालय निर्माणका लागि मर्मत सम्भार शीर्षकबाट लागत अनुमान अनुसारले हुन आउने रकम विनियोजन गर्ने ।

६. अर्जुनधारा ४ स्थित श्री दुर्गा शक्ति समाज कल्याण संघलाई सामुदायिक भवन निर्माणार्थ साझेदारीमा नगरपालिकाको तर्फबाट रु ५ लाख विनियोजन गर्ने ।सशस्त्र प्रहरी बलको भवन निर्माणका लागि साझेदारीमा नगरपालिकाको तर्फबाट रु ७ लाख विनियोजन गर्ने ।

७.अर्जुनधारा नगरपालिका स्थित निम्नानुसार सुरक्षा निकायहरु निम्नानुसार इन्धन मासिक रुपमा उपलब्ध गराउने,

सशस्त्र प्रहरी बल कप्तानाबारी-५० लिटर डिजल

सशस्त्र प्रहरी बल खुदुनबारी- ३० लिटर पेट्रोल

प्रहरी चौकी शनिश्चरे- ३० लिटर पेट्रोल

८.प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा स्वास्थ्य विमा कार्यक्रम लागू भएको र २४ घण्टे सेवा समेत सञ्चालनमा आई बिरामीको चाप बढ्न गएकाले सो स्वास्थ्य केन्द्रको स्तरोन्नति गरी २५ बेड क्षमताको अस्पताल सञ्चालन गर्न तथा सोका लागि आवश्यक संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।साथै,वडा नं. २,६,७ ,१०, र ११ मा वडा स्वास्थ्य चौकी स्थापना गर्न नगरपालिकाको तर्फबाट स्वीकृत गरी प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

९. यस नगरपालिकाका खेल क्षेत्रलाई प्रवर्द्धन गर्न फुटबल तेक्वान्दो करातेका दुई दुई जना र क्रिकेट र उसुका एक एक जना सम्बन्धित खेल संस्थाहरुबाट खेल प्रशिक्षक माग गरी नगरक्षेत्रका नौ वटा माध्यमिक विद्यालय र सात वटै आधारभुत विद्यालय एघार वटै वडाहरुमा आगामी मंसिर देखि २०७६ बैसाख सम्म खेल प्रशिक्षण प्रदान गर्ने ।

१० नगरपालिका भित्रका साँस्कृतिक क्लब प्रतिष्ठानहरुलाई समन्वय गरी दुर्व्यसनी,महिला हिंसा विरुद्ध तथा विषादी रहित कृषि आदिका बारेमा लेख रचना गित संगित ,नाटक आदिको माध्यमबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकाको कृषि विकास तथा शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने ।

११.यस नगरक्षेत्रका देहायका स्थानमा रहेका नदिमा झोलुंगे पुलको आवश्यकता देखिएकाले ति स्थानहरुमा झोलुंगे पुल निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

वडा नं. १ को गौमुखिमा करिब १०० मिटर

टाङ्गटिङ्ग गोयाङ्ग नदिको दोभानमा १२५ मिटर

वडा नं. ४ को भाङ्गबारी र वडा नं. ७ को अमले जोड्ने स्थानमा

वडा नं. ७ को गोसहट्टीबाट पौडेल चौक जोड्ने स्थानमा

वडा नं. २ को गाजाँबारी बेल्टार धिमिरे चौकमा

१२.आगामी २०७५/०६/०५,०६ र ०७ गते प्रत्येक वडाका बिस/बिस जना श्रमिकहरुलाई साविक खुदुनाबारी ,अर्जुनधारा र शनिश्चरे क्षेत्रमा प्रशिक्षण कार्यक्रम गरी प्रशिक्षण दिने ।

१३.चालु आर्थिक वर्षका लागि दोश्रो नगर सभाबाट स्वीकृत वडा नं १ र २ का वडा स्तरिय योजनाहरु मध्ये पूर्वाधार विकासका लागि विनियोजित बजेटबाट १० प्रतिशत रकम उक्त वडाको विपद् व्यवस्थापनमा रकमान्तर गर्ने ।

१४.यस नगरपालिकाले वडा नं. ६ स्थित महानन्द चौकमा निर्माण गर्ने प्रवेशद्वार तथा महानन्द चौकबाट शनिश्चरे बजार हुँदै बुद्धशान्ती जाने सडकका सम्बन्धमका देहाय बमोजिम गर्नेः

(क)महानन्द चौकबाट शनिश्चरे बजार हुँदै बुद्धशान्ती गाउँपालिकाको सिमाना खतिवडा चौक सम्मको सडक प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट उक्त सडकको मापदण्ड बमोजिम स्तरोन्नति तथा कालोपत्रे गर्ने ।

(ख) महानन्द चौकमा निर्माण हुने प्रवेशद्वारमा गाई सहितको पाण्डुपुत्र अर्जुन, आदिकवि भानुभक्त आचार्य, कवि मोतिराम भट्टको शालिक स्थापना गर्ने , सोही अनुसारको गाई सहितको अर्जुनको शालिक अर्जुनधारा जलेश्वर धाममा , रथारुढ भगवान श्रीकृष्ण र अर्जुनको शनिश्चरे बजार दुर्गा मन्दिर अगाडि एवं सामुदायिक भवन शनिश्चरे अगाडि गाउँले जीवनशैली झल्किने गरी बयलगाडामा मानिस बसेको शालिक निर्माण गर्ने ।साथै, उक्त प्रवेशद्वारमा अर्जुनधारा नगरपालिकाको वस्तुस्थिती एवं विशेषता झल्किने आकृतिहरु निर्माण गर्ने ।

(ग)यस नगरपालिकाको नगर कार्यपालिकाको भवन निर्माणार्थ निःशुल्क जग्गा प्रदान गर्नुहुने जग्गादाताका पिताको शालिक समेत कार्यालय परिसरमा राख्ने व्यवस्था मिलाउने ।

२०७५/०५/२९

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
प्रदेश नं. १ नेपाल